# ३४ सीआरएफ §३००.१५४(डी) (२) (भी) अन्तरगतको बार्षिक सूचना

बिद्यालयमा प्रदान गरिने केहि सेवाहरुको भुक्तानी गर्नका लागि निजी बीमा वा सार्वजनिक सुबिधाहरु, जस्तै मेडिकेडमा पहुँच हुने विद्यालय डिस्ट्रिक्टको क्षमताका सन्दर्भमा अशक्तता भएका व्यक्तिहरुको शिक्षा सम्वन्धि ऐन (आइडीइए) लाई कार्यान्वयन गर्न वनेको नियमावलीले योग्य विद्यार्थीहरुका आमावावुहरुलाई निश्चित अधिकारहरु प्रदान गर्दछ। ती अधिकारहरु निम्न वमोजिम छन् :

१. ***तपाईले वुभ्न सक्ने भाषामा सूचना पाउने अधिकार तपाईलाई छ।*** तपाईको अधिकारका सम्वन्धमा विद्यालय डिस्ट्रिक्टले तपाईलाई वार्षिक रुपमा लिखित सूचना दिनु पर्दछ, यसलाई आम सर्वसाधारणले वुभ्नसक्ने भाषामा लेखिनु पर्दछ र स्पष्टरुपमा यो सम्भव नभएमा वाहेक यसलाई आमावावुको आफ्नो भाषामा वा आमावावुले प्रयोग गर्ने गरेको संचारको अन्य तरिकामा दिनु पर्दछ।

२. ***तपाईको बच्चाको गोप्य सूचनालाई तपाईको सहमति विना खुलाशा गर्न सकिदैन।*** दावी गर्ने प्रयोजनका लागि, राज्यको सार्वजनिक सुबिधाहरु वा वीमा कार्यक्रम (जस्तो मेडिकेड) लाई तपाईको बच्चाको व्यक्तिगत परिचय खुल्न सक्ने खालको जानकारी खुलाएर दिनु भन्दा पहिले स्कूल डिस्ट्रिक्टले पारिवारीक शैक्षिक अधिकार र गोप्यता सम्वन्धि ऐन (एफइआरपीए) को नियमावली अन्तरगतको ३४ सीएफआरको भाग ९९ र आइडीइए नियमावलीको भाग §३००.६२२ मा भएको व्यवस्था वमोजिम आमावावुको सहमति प्राप्त गर्नु पर्दछ;

३. ***तपाईलाई कुनै शुल्क नलाग्ने गरी विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्राप्त गर्ने तपाईको बच्चाको अधिकार रहेको छ।*** यसको अर्थ, आइडिइए अन्तर्गत योग्य बच्चालाई निशुल्क उपयुक्त सार्बजनिक शिक्षा ("एफएपिइ") प्रदान गर्नका लागि आवश्यक सेवाहरुका सम्बन्धमा स्कूल डिस्ट्रिक्टले

- आफ्नो बच्चाले एफएपिइ प्राप्त गरोस् भन्नका लागि अभिभावकहरुलाई सार्वजनिक सुबिधाहरु वा बीमा कार्यक्रमहरुमा साइन अप (दाखिला) गर्न वा भर्ना गर्न आवश्यक नमान्न सक्छ;
- अभिभावकहरुलाई यस भाग बमोजिम प्रदान गरिने सेवाहरुको दावी फाइल गर्दा लागेको कटौती वा को पे रकम भुक्तानी जस्ता गोजी बाहिरका खर्चहरु बेहोर्न आवश्यक नमान्न सक्छ तर अभिभावकहरुले तिर्नु पर्ने अन्य खर्चहरु भने बेहोर्नु पर्ने हुनसक्छ;
- सार्वजनिक सुबिधाहरु वा बीमा अन्तर्गत बच्चाको सुबिधाहरु प्रयोग नगर्न सक्छ यदि त्यस्तो प्रयोगले :
    - उपलब्ध जीवनपर्यन्त कभरेज वा अन्य कुनै बीमित सुबिधालाई घटाउँछ ;
    - सार्वजनिक सुबिधाहरु वा बीमित कार्यक्रमले समेट्ने किसिमका र बच्चाको स्कूलको समयदेखि बाहिरको समयमा आवश्यक सेवाहरुका लागि परिवारले भुक्तानी दिनुपर्ने हुन्छ;
    - प्रिमियमलाई बढाउँछ वा सुबिधाहरु वा बीमाहरुलाई सुचारु नगर्ने तिर लैजान्छ; वा
    - औसत स्वास्थ्य सम्बन्धित खर्चहरुमा आधारित, घर वा समुदाय आधारित छूटहरुको योग्यता जोखिममा हुनसक्छ।

४. ***तपाईले कुनैपनि वेला आफ्नो सहमतिलाई फीर्ता लिन सक्नु हुनेछ।*** आफ्नो बच्चाको गोप्य सूचना खुलाशा गर्नका लागि राज्यको सार्वजनिक सुबिधा वा वीमा कार्यक्रम (जस्तो मेडिकेड) को कार्य गर्ने जिम्मेवार प्रशासनिक निकायलाई तपाईले सहमति दिइसक्नु भएपनि तपाईले चाहेको कुनैपनि वेला तपाईले उक्त सहमति फिर्ता लिन पाउने कानुनी अधिकार एफइआरपीएको नियमावली अन्तरगत तपाईलाई छ।

५. ***यदि तपाईले सहमति दिन नमान्नु भएमा वा सहमति फिर्ता लिनु भएमा नै पनि तपाईलाई कुनैपनि खर्च नलाग्ने गरी स्कूल डिस्ट्रिक्टले तपाईलाई सेवा प्रदान गर्नु पर्दछ।*** यदि तपाईले राज्यको सार्वजनिक सुबिधा वा वीमा कार्यक्रम (जस्तो मेडिकेड) को कार्य गर्ने जिम्मेवार प्रशासनिक निकायलाई व्यक्तिगत पहिचान खुल्नसक्ने सूचनालाई खुलाशा गर्न सहमति दिन मान्नु भएन भने वा यदि तपाईले सहमति दिनु भयो र अनि पछि त्यस सहमतिलाई फिर्ता लिनु भयो भने पनि आमावावुको कुनैपनि खर्च नपर्ने गरी आवश्यक सेवाहरु प्रदान गर्नु पर्ने आफ्नो जिम्मेवारीवाट स्कूल डिस्ट्रिक्टलाई यसले मुक्त गर्दैन।